मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रादेशिक अस्पताल जलेश्वर, महोत्तरी

# दरभाउपत्र आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०८/०८

यस प्रादेशिक अस्पताल जलेश्वर, महोत्तरीद्वारा संचालित सहुलियत दरको शः सुल्क अस्पताल फार्मेसी सेवाको आ.व. २०८०/०८१ का लागि औषधी तथा औषधीजन्य सामग्रीहरु दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म मु.अ.करमा दर्ता भएका सम्बन्धित कार्यका लागि सम्बन्धित निकायमा रजिष्टर्ड Manufacturing वा Company वा SuperDealer वा Supplier बाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न शर्तहरुको अधिनमा रहि दरभाउ पत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि यस अस्पतालको आर्थिक प्रशासन शाखा र अस्पताल फार्मेसीमा सम्पर्क गर्न सकिने छ ।

१) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र रु.१,०००।०० (फिर्ता नहुने गरि) यस अस्पतालबाट फारम लिन सकिने छ ।

२) होलसेल मूल्य भन्दा बढी मूल्य राख्न पाइने छैन । :

३) दरभाउपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन र सोही समय हुनेछ ।

४) दरभाउपत्रको BOQ को सबै आइटममा दररेंट स्पष्ट रुपमा अंक तथा अक्षरमा उल्लेख गर्नु पर्नेछ । अस्पष्ट केरमेट गरिएका दररेटलाई अक्षरमा लेखिएकालाई मान्यता दिईनेछ । दरभाउपत्र आइटम वाइज मात्र स्वीकृत गरिनेछ ।

५) दरभाउपत्र फारम भर्दा प्रत्येक आइटमको कवोल अंकका अलावा आफुले अविच्छिन रुपमा उपलब्ध गराउने छौ भनि प्रतिबद्धता पेश गर्नुपर्ने छ ।

६) प्रस्तावित सामानहरु प्राविधिक समिति र दरभाउपत्र मूल्यांकन समितिले सिफारिश गरि स्वीकृत भएपछि मात्र खरिद प्रकृया गरिनेछ । सार्वजनिक खरिद ऐनको परिधिमा रहेर सामानको रेट, कम्पनी, ब्राण्ड वा वैकल्पिक आइटम तोक अधिकार प्रष्ट रुपमा उल्लेख भएको हुनुपर्ने छ । सूचिमा उल्लेख भएका आइटम / औषधीको गुणस्तरमा कुनै शंक लागेमा नेपाल सरकारबाट मान्य प्राप्त ल्यावबाट गुणस्तर परिक्षण गर्नुपर्ने छ र त्यसमा लाग्ने खर्च दरभाउपत्रदाताले व्यहोर्नुपर्ने छं ।

७) खरिद गरिने औषधी तथा औषधीजन्य सामानको Expiry date अस्पतालमा प्राप्त भएको मितिमा औषधी उपयोग अवधिको तीन भागको दुई भाग म्याद बचेको हुनुपर्ने छ । सो भन्दा घटी अवधिका, म्याद नाघेका, सडे गलेका, टुटफुट भएका वा कमसल गुणस्तर औषधिजन्य सामानहरु कुनै पनि हालतमा अस्पतालले बुझिलिने छैन । मौज्दातमा बाँकी रहेका औषधीहरु Expire हुने औषधीहरु सम्बन्धित आपुर्तिकर्ताले फिर्ता लिई सोही परिमाणमा Replace गर्नु पर्नेछ ।

८) फार्मेसीबाट माँग भए वमोजिम अनुसार तिनका परिमाणहरु माँग गर्न सक्नेछ । शर्त राखेको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन । दरभाउपत्रमा Manufacturing Company वा Super Dealer वा Supplier ले मात्र भाग लिन पाउने छन् । औषधी तथा औषधीजन्य सामानहरुको दररेट होलसेल मूल्यभन्दा न्यून हुनुपर्नेछ ।

९) BOQ मा उल्लेखित औषधीहरु WHO, GMP, Certified कम्पनीबाट उत्पादित हुनु पर्नेछ। नेपाली कम्पनीवाट उत्पादन नहुने औषधीको हकमा औषधी व्यवस्था विभागमा दर्ता भएका आयातित औषधीहरु मात्र सप्लाई गर्न पाइनेछ।

१०) दरभाउपत्र सम्बन्धी अन्य जानकारी चाहिएमा कार्यालय समयभित्र यस अस्पतालको लेखा शाखा र अस्पताल फार्मेसीमा सम्पर्क राख्न सकिनेछ।

११) अस्पताल फार्मेसीलाई आपूर्ति गरिने औषधी र औषधीजन्य सामग्रीहरु अस्पतालले आदेश गरेको ३ दिन भित्र उपलब्ध गराउनु पर्नेछ। सम्झौता गरि औषधी र सर्जिकल सामाग्रीहरु उपलब्ध गराउन आलटाल गरेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम कालो सूचिमा राख्न सिफारिश गरि पठाइने छ।

१२) दरभाउपत्र सम्बन्धी कागजातहरु मिति २०८०।०८।०८ गते देखि २०८०।०८।२२ गते सम्म प्रादेशिक जलेश्वर अस्पताल महोत्तरीमा निवेदन पेश गरी प्राप्त गर्न सक्नेछ। त्यो निवेदनको साथ निम्नं कागजातहरु संलग्न गर्नुपर्ने छ।

क) कम्पनी/फर्म दर्ता प्रमाणपत्रको नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपी।

ख) मू.अ.करमा दर्ता भएको प्रमाणपत्रको नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपि।

ग) आ.व.२०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपि।

घ) प्रोपाइटर स्वयम् उपस्थित हुन नसकेमा निजको आधिकारीक मञ्जुरीनामा पत्र।

ङ) दरभाउपत्र सम्बन्धी कागजातको दस्तुर रु.१०००/- (अक्षरेपी रु.एकहजार मात्र) फिर्ता नहुने गरी बुझाएको नगदी रसिद।

१३) यस सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।

१४) बिड एमाउन्टका लागि रा.वा.बैंक जलेश्वरमा रहेको प्रदेश लेखा ईकाइ कार्यालय महोत्तरीको नाममा रहेको धरौटी खाता नं.१२७०१००२०२०३०००० र जलेश्वर अस्पताल कार्यालय कोड नं. ३५०००१८०१२ नगदै जम्मा गरेको सक्कलै भौचर वा वाणिज्य बैंक बाट पचहत्तर दिनकोमान्य अवधि रहने गरी जारी भएको को बैंक जमानत (बैंक ग्यारेन्टी ) सिलबन्दी दरभाउ पत्र दिने व्यत्ती, फर्म, कम्पनी वा संस्थाले सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्दछ।

तपसिल

| . | Package No. | Particulars | Bid Amount | Bid Document fee | Bid Purchasing | Bid Submission | Bid Opening |
|---|---|---|---|---|---|---|---|
| | PHJ/1/2080/081 | Supply and delivery of Medicine and Surgical Goods For Hospital Pharmacy | 31,000.00 | 1000.00 | 2080/08/08 to 2080/08/22 | 10 to 4 | 2080/08/23 4:30 baje |